# चन्द्रपुर नगरपालिकाको बालसंरक्षण आचारसंहिता -२०७७

स्वीकृत मिति : ........................................

प्रमाणित मिति : ........................................

रामचन्द्र चौधरी
नगर प्रमुख

चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट प्रदेश नं. २

चन्द्रपुर नगरपालिकाका बहुसरोकारवालाहरुको उपस्थितिमा तयार गरी पारित गरिएको बालसंरक्षण आचार संहिता -२०७७

क) बालबालिकाहरुले पालना गर्नु पर्ने आचार संहिता

१. हरेक दिन अनिवार्य रुपमा सफासुग्घर भई विद्यालय पोषाकमा विद्यालय जानुपर्ने छ ।
२.हामी कुनै पनि बालबालिकाले बालबिवाह गर्ने छैनौ, यदि अभिभावकले बालविवाह गर्न खोजेमा मन्जुरी हुने छैनौं र अन्यत्र बालबिवाह हुन लागेमा पनि निरुत्साहित गर्नेछौं ।
३. घर परिवार तथा समुदायमा बालबालिकाको प्रचार प्रसार तथा प्रवर्द्धन र बालसंरक्षण कार्यमा सहयोग गर्नेछौं ।
४. नवजात शिशुको नियमित सस्थ्य परीक्षण तथा विभिन्न खोप लगाउनु पर्ने विषयमा बालक्लव मार्फत सचेतनामुलक कार्यक्रम आयोजना गर्नेछौं भने अभिभावकलाई पनि सचेत गराउनेछौं ।
५. बच्चा जन्मेको ३५ दिन भित्र जन्मदर्ता गराउन अभिभावकलाई अनुरोध गर्नेछौं ।
६. हामीले कुनै पनि आधारमा कुनै पनि बालबालिकालाई भेदभाव गर्नेछैनौं भने विपन्न र अपाङ्गता तथा विद्यालय जानबाट बञ्चित भएका बालबालिकालाई विद्यालय पठाउनमा सहयोग गर्नेछौं ।
७. विद्यालयको नियमको पालना गरी अनुशासित हुनेछौं ।
८. टोल वडा तथा पालिका स्तरमा बालक्लबहरु स्थापना गरी बालबालिकाका प्रतिभा प्रस्फुटनका तथा सचेतनामूलक कार्यक्रमहरुमा सहयोग गर्नेछौं ।
९.टोल ,वडा तथा पालिका स्तरमा क्रियाशील बालक्लबहरु तथा अन्य सघं संस्था र सरकारी निकायहरुले आयोजना गरेको विद्यालय, समुदाय तथा पालिका स्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सक्रिय सहभागिता जनाई आफ्ना विचार राख्दै आफ्नो कर्तव्य निवाह् गर्नेछौं ।
१०. बालअधिकार हननका घटनामा प्रतिवाद गर्नेछौं र साथै सरोकारवाला सम्बन्धित निकायलाइ् तुरुन्त खवर गर्नेछौं ।
११. कुलत तथा दुर्व्यसनबाट आफु टाढा रहनेछौं र अरुलाइ् पनि टाढा रहन प्रेरित गर्नेछौं साथै कुलतमा लागेका बालबालिकालाई सुधारका लागि आवश्यक सहयोग गर्नेछौं ।
१२. दिसा पिसावको लागि चर्पीको प्रयोग गर्नेछौं साथै केही खाने कुरा खानु भन्दा अगाडि, दिसा-पिसाब गरेपछि र खाना खाईसकेपछि साबुन पानीले हात धुनेछौं ।
१३.विद्यालयमा मोवाइल फोन लिएर जानेछैनौं ।
१४. शिक्षक लगायत आफुभन्दा ठुला व्याक्तिलाई आदर गर्नेछौं भने सानालाई माया गर्नेछौं ।
१५. बालिका एक्लै टाढा जानुपर्दा अभिभावकलाई अनिवार्य रुपमा सोधेर जानुपर्ने तथा सहयोगी साथी लिएर जानुपर्ने ।

... न्द्र चौधरी

ख) अभिभावकले पालना गर्नुपर्ने आचार संहिताहरु

१. आ-आफ्ना बालबालिकालाई सफासुग्घर गरी विद्यालय पोषकमा आपवश्यक शैक्षिक सामाग्री सहित नियमित विद्यालय पठाउछौं ।

२. बालबालिकालाई बालश्रममा प्रयोग गर्ने छैनौ,साथै बालविवाह, हिंसा, दुर्व्यवहार गर्दैनौं र गर्न दिनेछैनौं ।

३. विद्यालय नपठाउने अभिभावकलाई आफ्ना बालबालिका विद्यालय पठाउन अनुरोध गर्दै विद्यालय पठाउन लगाउनेछौं ।

४.कुनै पनि बालबालिकालाई लैङ्गिकता , जातीयता, धर्म, बसोवासको स्थान तथा शारिरीक अवस्था आदिको आधारमा विभेद गर्ने छैनौं भने किशोर किशोरीहरुलाई दुर्व्यसनबाट टाढा राख्न विभिन्न कार्यक्रम सञ्चालन गर्न माग गर्नेछौं ।

५.विद्यालय भवन, पार्क, कार्यालय भवन, घर बाटो, धारा शौचालय आदि भौतिक निमार्ण गर्दा बालमैत्री बनाउनेछौं र अरुलाई पनि बनाउन प्रोत्साहन गर्नेछौं ।

६. बच्चा जन्मेको ३५ दिन भित्रमा बालबालिकाको जन्मदर्ता गराउने छौं र जन्मदर्ता नगराएका बालबालिकाको जन्मदर्ता गराउन आवश्यक सहयोग गर्नेछौं तथा जन्मदर्ताको महत्वबारे प्रचार गर्नेछौं ।

७. बालबालिकाको क्षेत्रमा कार्यरत सबै संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्दै आवश्यकता अनुसार बालबालिकाको लागि गोष्ठी, सेमिनार, अन्तरक्रिया तथा प्रतिभा प्रस्फुटनका कार्यक्रम आयोजना गर्नेछौं ।

८.बालबालिकाको अगाडी कहिल्यै पनि धुम्रपान, मध्यपान आदिको सेवन गनृ छैनौं भने बालबालिकालाई धुम्रपान, मद्ययपान जस्ता सामग्री किन्न र बिक्री वितरण गर्नमा समेत बन्देज लगाउने छौं ।

९. बालबालिकालाई बालअधिकार र बालबालिकाको कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्ने छौं । साथै उनीहरुको रुची अनुसार पढाइका साथ साथै खेल खेल्न दिने छौं ।

## राजनैतिक दलले पालना गर्नुपर्ने आचार संहिताहरु

१. राजनैतिक कार्यक्रममा बालबालिकाहरुको प्रयोग नगर्न राजनैतिक दल प्रतिवद्ध रहनेछ ।

२. बालबालिका र विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरी कार्यान्वयन गर्न सहयोग गर्नेछौं ।

३. बालबालिकाहरुलाई राजनैतिक दलका भातृ सङ्गठनहरुमा संलग्न नहुने खालको वातावरण सिर्जना गर्नेछौं ।

४.सार्वजनिक जग्गाहरु संरक्षण गरी यस्ता जग्गाहरुमा बालु क्रिडास्थल निमार्णका लागि राजनैतिक दलले विशेष पहल गर्नेछ ।

५. राजनैतिक दलका घोषणापत्रहरुमा बालसंरक्षण सम्बन्धी कार्यक्रमहरु पनि उल्लेख गर्नेछौं ।

रामनन्द्र चौधरी
नगर प्रमुख

Scanned with CamScanner

६.राजनैतिक दलको सिफारिसमा सम्पन्न हुने योजनाहरुमा बालसंरक्षण योजनाहरुलाई प्राथमिकता दिनेछौं ।

७. राजनैतिक दलद्वारा आयोजना हुने नारा, जुलुस, सभा-सम्मेलनमा बालबालिकाहरुलाई प्रयोग गर्ने र गराउने छैनौं ।

८. कुनै पनि आन्दोलन, विरोध सभा आदिमा बालबालिकाहरुलाई ढालको रुपमा प्रयोग गर्ने तथा गराउने छैनौं ।

९. बन्द हडतालमा बालबालिकाहरुको सवारी साधनलाई अवागमनमा रोक लगाउने छैनौं ।

१०. बालबालिकाहरुको पढाइ बञ्चित हुने कुनै पनि कार्य गर्ने छैनौं ।

११. बालसंरक्षण सम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यकता अनुसारको बजेट विनियोजन गर्नेछौं ।

## घ) पालिकाको प्रतिनिधि तथा कर्मचारीहरुले पालना गर्नुपर्ने आचार संहिताहरु

१.पालिकाका सबै पदाधिकारी तथा कर्मचारीहरुले आफ्नो घर, परिवार कार्यालयमा बालश्रम प्रयोग गर्ने छैनौं ।

२. पालिका भित्र बालबिवाह हुन दिने छैनौं र बालबालिकालाई निरुत्साहित गर्ने छैनौं ।

३.बालबालिकाहरुलाई कुनै पनि बहानामा पिट्ने वा शारिरीक रुपमा आक्रमण वा शारिरीक दूर्व्यवहार गर्ने छैनौं ।

४. बालबालिकाहरुलाई अनुपयुक्त वा यौन जन्य उत्तेजना उत्पन्न गराउने प्रकारका व्यवहारहरु गर्ने गराउने छैनौं ।

५. विशेष परिस्थितिका अपाङ्ग तथा विपरीत लिङ्गका बालबालिकाहरुलाई विना स्वीकृति घरभेट वा रात विताउने वा छुट्टै गोप्य कोठामा कुराकानी गर्ने /गराउने छैनौं ।

६. पालिकाको प्रत्येक वडामा बालसंरक्षण प्रवर्द्धन कार्यहरु गर्ने/गराउने छौं ।

७. बालबालिकाको क्षेत्रमा छुट्याएको बजेट बालबालिकाकै क्षेत्रमा खर्च गर्ने छौं ।

८. विद्यालय क्षेत्र भित्र लागुपदार्थ तथा मादक पदार्थको बिक्री वितरणमा रोक लगाउने छौं ।

९. बालबालिका सँग सरोकार राख्ने बैठक, तालिम, सेमिनार, परिषद, योजना तर्जुमा गर्दा बालबालिकाको अर्थपूर्ण सहभागिता गराउने छौं ।

१०. प्रत्येक वर्ष बालभेला आयोजना गराउने छौं साथै बालबालिकाको स्थिति पत्र वार्षिक रुपमा अनिवार्य प्रकाशन तथा वितरण गर्ने छौं ।

११. बालश्रम न्यूनीकरण तथा अन्त्यका लागि रणनीतिक योजना तयार गरी कार्यन्वयन गर्नेछौं ।

१२. पत्येक वडामा गठित बालक्लव तथा पालिका स्तरीय बालसञ्जालको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने छौं ।

१३.पालिका भित्रका प्रत्येक बालबालिकाको जन्मदर्ताको अधिकार सुनिश्चित गर्नेछौं ।

१४. सबै बालबालिकाको सुरक्षित खोपको व्यवस्था गर्नेछौं ।

रामचन्द्र चौधरी
नगर प्रमुख

Scanned with CamScanner

१५.पालिका भित्रका सबै विद्यालयहरुमा नि:शूल्क शिक्षाको व्यवस्था गर्नेछौं ।

१६. बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्थाकासाथै वृद्धि विकासका लागि पत्येक वर्ष अन्तर विद्यालय हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्नेछौं ।

## ङ. सङ्घ संस्थाका प्रतिनिधि तथा कर्मचारीहरुले पालना गर्नुपर्ने आचारसंहिताहरु

१. बालश्रम न्यूनीकरणका साथै बालविवाह र बालयौन दुर्व्यवहारलाई अन्त्य गर्न सधैं प्रयासरत रहनेछौं २.बालबालिकाको क्षेत्रमा गरेका कार्यक्रमहरु पारदर्शी गर्नेछौ ।

३. बालबालिकाहरुको अर्थपुर्ण सहभागीतालाई सुनिश्चित गराउनेछौ ।

४. समुदायमा बालसंरक्षण सम्बन्धीसचेतनामुलक कार्यक्रम संञ्चालन गर्ने/ गराउनेछौं ।

५. घरपरिवार तथा समुदायबाट बालबालिका बाहिर निस्कदा बालबालिका माथि हुन सक्ने दुर्व्यवहार र त्यसबाट बच्ने उपायबारे सचेतमुलक अभियान सञ्चालन गर्नुका साथै बालसंरक्षण सम्बन्धीआचार संहिता लागु गर्नेछौं ।

६ . विपन्न परिवार तथा जेहेन्दार विदार्थीहरुलाई छावृत्तिको व्यवस्था गर्नुका साथै प्रत्येकं संघ संस्थामा निमार्ण गरिने भौतिक संरचना बालमैत्री बनाउन प्रोत्साहन गर्नेछौं ।

७.पालिका भित्रका हरेक टोल तथा समुदायमा बालसंरक्षण सम्बन्धीजनचेतनामुलक कायृक्रम हरु सञ्चालन गर्नेछौं ।

८.पालिकाभित्रका प्रत्येक टोल तथा समुदायमा बालस्वास्थ्य सम्बन्धी जनचेतना जगाउनुका साथै व्याक्तिगत सरसफाई र पोषण सम्बन्धीजानकारी गराउनेछौं ।

९.बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कायक्रम सञ्चालन गर्नेछौं ।

१०.बालअधिकारको क्षेत्रमा उत्कृष्ट कार्यको मूल्याङ्कन गरी प्रोत्साहन/पुरस्कारको उचित व्यवस्था मिलाउने छौं ।

## च) विद्यालयका प्रधानाध्यापक, शक्षक तथा कर्मचारीहरुले पालना गर्नुपर्ने आचार संहिताहरु

१. बालबालिका सँग सधैं मिठो बोल्ने र उत्साहजनक कुरा गर्दै सकारात्मक, स्नेह र आपसी सम्मानपूर्ण व्यवहार गर्नेछौं ।

२.कक्षाकोठामा सिकाइ वातावरण बालमैत्री बनाउन र सिकाइ प्रकिया सहभागीता मुलक बनाउने प्रयत्न गर्नेछौं ।

३. कक्षा कोठामा आफुले पढाएको पाठ सबै विद्यार्थीले बुझेको सुनिश्चत गनेछौं ।

४.यदि कुनै विद्यार्थीले नबुझेको कुरा सोध्न चाहेमा निजलाई त्यसो गर्न मौका दिई त्यसको सम्वोधन गर्नेछौं ।

५.विद्यार्थीलाई शिक्षा तथा सिकाइको महत्व बुझाई व्यवहारिक शिक्षाको प्रवर्द्धन गर्नेछौं ।

६.विद्यार्थीको गुनासो झर्को नमानी सुन्ने र तिनलाई सम्बोधन गर्ने वा त्यसो गर्न अथक प्रयास गर्नेछौं ।

७.आवधिक रुपमा कक्षा शिक्षक वा अन्य कुनै शिक्षकले कक्षाका हरेक विद्यार्थी संग छलफल गरी उनीहरुका उपलव्धी, व्यक्तिगत वा पढाइसँग सम्बन्धित समस्या एवं योजना बारे कुराकानी गर्ने

रामचन्द्र चौधरी
नगर प्रमुख

Scanned with CamScanner

र कुनै समस्या भए पहल वा अरु कसैको सहयोगबाट त्यसको सम्बोधन समेत गर्ने व्यवस्था मिलाउनेछौं । शिक्षक शिक्षिकाहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धीतालिम दिनेछौं ।

८.कक्षा कोठा भित्र मोबाइल फोनको प्रयोग गर्ने र गराउने छैनौं ।

९. कमजोर बालबालिकाको लागि थप गृहकार्य कक्षा (होमवर्क सेसन) कक्षा सञ्चालन गर्नेछौं ।

॥ समाप्त ॥

रामचन्द्र चौधरी
नगर प्रमुख